नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरबार,

काठमाडौं, नेपाल ।



## शुभकामना सन्देश

मानव जीवन, जगत र सभ्यतामा नकरात्मक असर पुऱ्याउने लागू औषध उत्पादन, वितरण, प्रयोग र प्रभावलाई निस्तेज गर्न संयुक्त राष्ट्र संघको महासभाबाट सन् १९८७ मा घोषणा भई हरेक वर्ष जून २६ अर्थात् आजको दिनलाई लागू औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्ध अन्तर्राष्ट्रिय दिवसको रुपमा मनाउने गरिएको छ। यस वर्षको लागि **"Share Facts on Drugs, Save Lives"**अन्तर्राष्ट्रिय नारा र **"लागू औषध रहित परिवारः स्वस्थ जीवनको आधार"** भन्ने राष्ट्रिय नारा तय भएको छ ।

संयुक्त राष्ट्र संघको लागू औषध तथा अपराध सम्वन्धी कार्यालयबाट प्रकाशित विश्व लागू औषध प्रतिवेदन, २०२१ ले लागू औषध प्रयोगकर्ताको संख्या बर्षेनी बढ्दै गईरहेको देखाएको छ । नेपाल लागू औषध प्रयोगकर्ता सर्वेक्षण २०७६ अनुसार नेपालमा लागू औषध प्रयोगकर्ताको बार्षिक औषत बृद्धिदर ५.०६ प्रतिशत आँकलन छ। यस प्रकार लागू औषधको दुर्व्यसनमा लाग्ने युवा, किशोर, किशोरीको संख्या बढ्दै जानु चिन्ताको विषय हो ।

लागू औषध सामाजिक र आर्थिक विकासका लागि ठूलो चुनौतीको रुपमा रहेको छ। राष्ट्र विकासमा समाहित हुने युवाहरुको ठूलो हिस्सा मूल रुपमा साथीभाइको संगत, पारिवारिक समस्या तथा मनोसामाजिक समस्याका कारण लागू औषध दुर्व्यसनमा फसेको देखिन्छ। यसको दुरुपयोग तथा अवैध ओसारपसारले सामाजिक अपराध बढाउनुका साथै समाजमा नकारात्मक प्रभाव पारेको छ ।

समुदायस्तरदेखि नै लागू औषध दुरुपयोग तथा अवैध कारोवार नियन्त्रण गरी स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण गर्ने राष्ट्रिय लक्ष्य अनुरुप लागू औषधको अवस्था र समस्याको गाम्भीर्यतालाई ध्यानमा राखी मन्त्रालयले लागू औषधको माग घटाउन संकटासन्न क्षेत्रमा सचेतनामूलक जागरुकता, क्षमता विकास, सामाजिक पुनर्एकीकरण सम्वन्धी विशेष कार्यक्रमका साथै आपूर्ति नियन्त्रण, जोखिम न्यूनीकरण, अनुसन्धान र विकास तथा सहकार्य, साझेदारीका क्षेत्रमा समयानुकूल नीति तथा कार्यक्रम र रणनीतिक योजना तय गरी कार्यान्वयन गरिरहेको छ ।

समृद्ध नेपालः सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्न युवा शक्तिको परिचालन अपरिहार्य छ । नेपालको जनसांख्यिक लाभको रुपमा रहेको युवा समुदायलाई लागू औषध नियन्त्रणको अभियानमा सरिक गराउन यस दिवसले प्रेरणा दिनेछ । यस अभियानमा सरकारी निकाय र गैरसरकारी क्षेत्रका साथै परिवार र समुदायको समेत प्रभावकारी भूमिकाको मैले अपेक्षा गरेको छु । यसका लागि सामुहिक ऐक्यवद्धता सहितको राष्ट्रिय लागू औषध नियन्त्रणको संकल्प लिई अगाडि बढ्न सम्बद्ध सबैमा आह्वान गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु।

असार १२, २०७८

विष्णुप्रसाद पौडेल

उपप्रधानमन्त्री एवं गृह मन्त्री